त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र सङ्ख्या
च.नं.

मिति : २०८३/०५/३०

## परीक्षार्थीहरूका लागि अत्यन्त जरूरी सूचना

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालयबाट मिति २०८३/०५/३१ गतेबाट संचालन हुन गई रहेको सेमेष्टर परीक्षा प्रणाली अनुसार स्नातक तहका विभिन्न कार्यक्रमहरूको दोस्रो वर्ष चौथो शत्र नियमित तथा आंशिक परीक्षा २०८३ मा सामेल हुने परीक्षार्थीहरूले त्रिभुवन विश्वविद्यालयको परीक्षा नियमावली तथा विद्यार्थी आचारसंहिता अनुसार देहायका कुराहरू अनिवार्य पालना गर्न सूचित गरिन्छ :

१) विज्ञान तथा प्रविधि अध्ययन संस्थान, परीक्षा शाखाबाट जारी गरिएको प्रवेश पत्र **(Admit Card)** प्रत्येक परीक्षाका दिन अनिवार्य ल्याउनु पर्ने छ ।

२) परीक्षा केन्द्रले तोकिएको सिटमा मात्र बसेर परीक्षा दिनु पर्ने छ ।

३) केन्द्राध्यक्ष वा निरिक्षकको अनुमति बिना कुनै पनि परीक्षार्थीले आफ्नो सिट वा परीक्षा भवन छोड्न पाउने छैन। परीक्षार्थीले परीक्षा प्रारम्भ भएको एक घण्टा पछि मात्र परीक्षा भवन छोड्न सक्नेछ ।

४) मोबाइल फोन, स्मार्ट वाच जस्ता इलेक्ट्रोनिक डिभाइसहरू, चिट, पुस्तक वा अन्य कुनै पनि निषेधित सामाग्रीहरू परीक्षा भवन भित्र ल्याउन सख्त मनाही छ । यस्ता सामाग्रीहरू भेटिएमा केन्द्राध्यक्षले त्रि.वि. नियमानुसार आवश्यक कारवाही गर्न सक्नेछ ।

५) नक्कल गर्ने, परीक्षामा अरूलाई सहयोग गर्ने, अरूको सट्टा परीक्षा दिने (प्रतिरूपण), परीक्षा सञ्चालनमा अवरोध पुऱ्याउने वा परीक्षा कर्मचारी प्रति अभद्र व्यवहार गर्ने जस्ता कार्य गर्न पाउने छैन ।

६) परीक्षा अवधिभर केन्द्राध्यक्ष, पर्यवेक्षक, निरिक्षक तथा परीक्षा कर्मचारीको निर्देशनको पूर्ण रूपमा पालना गर्नु पर्ने छ ।

परीक्षा नियम तथा आचार संहिताको उल्लङ्घन गरेका पाइएमा त्रिभुवन विश्वविद्यालयको परीक्षा नियमावली बमोजिम परीक्षा रद्द हुने, निश्चित अवधिसम्म परीक्षामा सहभागी हुनबाट वञ्चित गरिने तथा आवश्यक परे कानुनी कारवाही समेत हुन सक्ने व्यहोरा सम्बन्धित सबै परीक्षार्थीहरूलाई जाकारी गराईन्छ ।

परीक्षा मर्यादित रूपमा सम्पन्न गर्न सहयोग गर्नु हरेक परीक्षार्थी, परीक्षामा संलग्न सबैको कर्तव्य हो । सम्पूर्ण परीक्षार्थीहरूलाई परीक्षामा सफलताको कामना सहित अनुशासित, मार्यादित र निष्पक्ष वातावरणमा परीक्षा सम्पन्न गराउन सबै परीक्षार्थीहरूको साथै संलग्न सबैको सहयोगको अपेक्षा गरिएको छ ।

टेलिफोन : ९७७-१-४३३०८४४, ४३३१७५५ (प्रशासन), ४४३३०१२० (परीक्षा)
Website: https://iost.tu.edu.np, E-mail : info@iost.tu.edu.np, exam@iost.tu.edu.np